# बाह्रदशी राजपत्र

बाह्रदशी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ८)   झापा , प्रदेश न १ , नेपाल , श्रावण १ गते २०८१ साल   (संख्या १

भाग १

## बाह्रदशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### चकचकी झापा

झापा १ नं प्रदेश नेपाल

बाह्रदशी गाउँपालिकाको गाउँ सभाले वनाएको तल लेखिए वमोजिमको ऐन

सर्वसाधारणको जानकारी को लागि प्रकाशन गरिएको ।

संवत २०८१  को ऐन / नियमावली / निर्देशिका / कार्यविधि नं १

## बाह्रदशी गाउँपालिकाको आर्थिक ऐन - २०८१

**गाउँ सभाबाट पारित मिति : २०८१।०३।१०**

**प्रमाणिकरण मिति : २०८१।०३।३१**

**प्रस्तावना** :

बाह्रदशी गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संचालन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन , २०८१ रहेको छ ।

(२) यो ऐन २०८१ साउन १ गतेदेखि बाह्रदशी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

२. **सम्पति /मालपोत तथा भुमि कर** : बाह्रदशी गाउँपालिकाको क्षेत्र भित्र अनुसूची १ बमोजिमको सम्पति/मालपोत तथा भुमि कर लगाईने र अशुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत )** : बाह्रदशी गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर** : बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

५. **व्यापार तथा व्यवसाय कर** : बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लागाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटि, कवाडी र जिवजन्तु कर**: बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापतअनुसूची (५) बमोजिमको कर लागाईने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर** : बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन कर** : बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

९. **मनोरञ्जन कर** : बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) मा व्यवस्था भए अनुसार हुनेछ ।

१०. **बहाल बिटौरी कर** : बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार सार्वजनिक पर्ती, ऐलानी जग्गा, हाट, बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** : बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यान्योइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क** : बाह्रदशी गाउँपालिकाको आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यान्योइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर** : बाह्रदशी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क असुल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क** : बाह्रदशी गाउँपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **बिक्री तथा निकासी शुल्क** : बाह्रदशी गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा,आदि प्राकृतिक एवं खानीजन्य, वस्तुहरुको विक्री गर्न सक्नेछ । साथै आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र बाहिर निकासी हुने ढुंगा,गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा अनुसूची -१४ मा उल्लेख भए अनुसार दरमा बिक्री तथा निकासी शुल्क लगाइनेछ ।

**सामुदायिक वनबाट आय प्राप्त गर्ने :-** सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धि वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनुपर्नेछ । वन पदैवारको बिक्रिबापत अनुसुचि १४ मा उल्लेख भए बमोजिम कर लगाईनेछ ।

१६. **कर छुट** :यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर अनुसूची - १५ मा उल्लेख भएको हकमा सोहि अनुसार हुनेछ ।

१७. **कर तथा शुल्क सम्बन्धी कार्यबिधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि बाह्रदशी गाउँ कार्यपालिकाले स्वीकृत गरी तोके बमोजिम हुनेछ ।

१८. **दण्ड र जरिवाना** : यस ऐनको उल्लंघन गरे वापत हुने विभिन्न किसिमका दण्ड र जरीवाना यस ऐनमा उल्लेख भएको अनुसूची- १६ मा व्यवस्था भए अनुसार हुनेछ ।

## अनुसूची -१
## (दफा २ सँग सम्बन्धित)
## सम्पति /मालपोत तथा भुमि कर

### १.बाह्रदशी गाउँपालिकाद्धारा निर्धारित आ.व २०८१/८२ का लागि सम्पति /मालपोत तथा भुमि कर

### करको मूल्यांकन विवरणको दररेट

| सि.नं. | कर योग्य एकीकृत सम्पत्तिको मुल्य | गत वर्ष २०८०/८१ | चालु आ.व २०८१/८२ |
|---|---|---|---|
| १ | पाँच लाख रुपैयाँसम्मको मूल्याङ्कनमा | एकमुष्ठ रु. ५०।- | एकमुष्ठ रु. ५०।- |
| २ | पचास लाख रुपैयाँसम्म | प्रति लाख रु. १०। - | प्रति लाख रु. १०। - |
| ३ | एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख रु. २०।- | प्रति लाख रु. २०।- |
| ४ | एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु. २५।- | प्रति लाख रु. २५।- |
| ५ | दुई करोड एक लाख देखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु. ३०।- | प्रति लाख रु. ३०।- |
| ६ | तिन करोड एक लाख देखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु. ४५।- | प्रति लाख रु. ४५।- |
| ७ | पाँच करोड भन्दा माथि | प्रति लाख रु. ५०।- | प्रति लाख रु. ५०।- |

**नोटः** मूल्याङ्कन रकमलाई रु. लाखमा (Round figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**नोटः** घर र घरले चर्चेको जग्गामा सम्पति कर लागु हुनेछ र अन्यमा मालपोत तथा भुमि कर ।

### २.सम्पति /मालपोत तथा भुमि कर मूल्यांकनका लागि जग्गाको वर्गीकरण विवरण

### मालपोत तथा भुमिकर

| क्र.सं. | मूल्यांकन समूह | मूल्यांकन उप-समूह | सूचक बिवरण | आ.ब. २०८०/२०८१ को दर-रेट /२०८१-२०८२ मा समेत सोहि अनुसार लागु हुने |
|---|---|---|---|---|
| १ | १ न वडा | १ न वडाका जग्गाहरु | हिमालि मार्गले छोएको भागुडुव्वा बजार देखि दक्षिण कचनकवलसम्म को बाटो दुवै छेउ | ३,००,०००।- |
| २ | १ न वडा | १ न वडाका जग्गाहरु | शाखा बाटोले छोएका जग्गाहरु | १,५०,०००।- |
| ३ | १ न वडा | १ न वडाका जग्गाहरु | बटोले नछोएको खेती योग्य जमिनहरु | ७५,०००।- |
| ४ | १ न वडा | १ न वडाका जग्गाहरु | खोला छेउ बगरका जग्गाहरु | २०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ५ | १ न वडा | १ न वडाका जग्गाहरु | उपशाखा बाटोले छोएका जग्गाहरु | १,२५,०००।- |
| ६ | २ न वडा | वडा न २ का सम्पुर्ण जग्गाहरु | हिमाली मार्गले छोएका जमिनहरु | ४,००,०००।- |
| ७ | २ न वडा | वडा न २ का सम्पुर्ण जग्गाहरु | हुलाकी मार्गले छोएका ज्ञानज्योति मा.वि. सम्मका जमिनहरु | ३,००,०००।- |
| ८ | २ न वडा | वडा न २ का सम्पुर्ण जग्गाहरु | माहानन्दचोक देखी जनता बजार सम्मका बाटोले छोएका जमिनहरु | २,००,०००।- |
| ९ | २ न वडा | वडा न २ का सम्पुर्ण जग्गाहरु | शाखा बाटोले छोएका जग्गाहरु | १,५०,०००।- |
| १० | २ न वडा | वडा न २ का सम्पुर्ण जग्गाहरु | उपशाखा बाटोले छोएका जग्गाहरु | १,२५,०००।- |
| ११ | २ न वडा | वडा न २ का सम्पुर्ण जग्गाहरु | बाटोले नछोएको खेती योग्य जमिनहरु | १,००,०००।- |
| १२ | २ न वडा | वडा न २ का सम्पुर्ण जग्गाहरु | खोला बगरका जमिनहरु | २०,०००।- |
| १३ | ३ न वडा | ३ न वडाका सम्पुर्ण जग्गाहरु | हिमाली सडकले छोएको जग्गाहरु | ४,००,०००।- |
| १४ | ३ न वडा | ३ न वडाका सम्पुर्ण जग्गाहरु | खोला छेउका बगरका जग्गाहरु | २०,०००।- |
| १५ | ३ न वडा | ३ न वडाका सम्पुर्ण जग्गाहरु | शहिद मार्गले छोएका जग्गाहरु | ३,००,०००।- |
| १६ | ३ न वडा | ३ न वडाका सम्पुर्ण जग्गाहरु | कञ्चन मार्गले छोएका जग्गाहरु | ३,००,०००।- |
| १७ | ३ न वडा | ३ न वडाका सम्पुर्ण जग्गाहरु | राजगढ बजार रिङरोड भित्रका जग्गाहरु | १०,००,०००।- |
| १८ | ३ न वडा | ३ न वडाका सम्पुर्ण जग्गाहरु | शाखा बाटोले छोएका जग्गाहरु | १,५०,०००।- |
| १९ | ३ न वडा | ३ न वडाका सम्पुर्ण जग्गाहरु | उपशाखा बाटोले छोएका जग्गाहरु | १,२५,०००।- |
| २० | ३ न वडा | ३ न वडाका सम्पुर्ण जग्गाहरु | बाटोले नछोएका खेती योग्य जग्गाहरु | १,००,०००।- |
| २१ | ४ न वडा | वडा न ४ का सम्पुर्ण जग्गाहरु | हिमालि सडकले छोएका जग्गाहरु | ४,००,०००।- |
| २२ | ४ न वडा | वडा न ४ का सम्पुर्ण जग्गाहरु | मिलन मार्गले छोएका जग्गाहरु | ३,००,०००।- |
| २३ | ४ न वडा | वडा न ४ का सम्पुर्ण जग्गाहरु | चकचकी बजार १०० मी. भित्रका जग्गाहरु | ५,००,०००।- |
| २४ | ४ न वडा | वडा न ४ का सम्पुर्ण जग्गाहरु | शाखा बाटोले छोएका जग्गाहरु | १,५०,०००।- |
| २५ | ४ न वडा | वडा न ४ का सम्पुर्ण जग्गाहरु | उपसाखा बाटोले छोएका जग्गाहरु | १,२५,०००।- |
| २६ | ४ न वडा | वडा न ४ का सम्पुर्ण जग्गाहरु | बाटोले नछोएका खेति योग्य जमिनहरु | १,००,०००।- |
| २७ | ४ न वडा | वडा न ४ का सम्पुर्ण जग्गाहरु | खोला बगरका सम्पुर्ण जमिनहरु | २०,०००।- |
| २८ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | हिमाली सडकले छोएको जग्गा | ४,००,०००।- |
| २९ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | मिलन मार्गले छोएका जग्गा | ३,००,०००।- |
| ३० | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | कंचन मार्गले छोएका जग्गा | ३,००,०००।- |
| ३१ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | शहिद मार्गले छोएका जग्गा | ३,००,०००।- |
| ३२ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | वैकल्पिक लोक मार्ग मध्ये तराई लोकमार्गले छोएका जग्गा प्रति कठ्ठा | ३,००,०००।- |
| ३३ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | शाखा बाटाहरुले छोएका जग्गा | १,५०,०००।- |
| ३४ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | उपशाखा बाटाहरुले छोएका जग्गाहरु | १,२५,०००।- |
| ३५ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | कुनै पनि बाटोहरुले नछोएका जग्गा खेतीयोग्य | १,००,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ३६ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | खोलाधारका जग्गाहरु | २०,०००।- |
| ३७ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | द्रोणमार्गले छोएका जमिनहरु | २,००,०००।- |
| ३८ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | प्रजापती मार्गले छोएका जमिनहरु | २,००,०००।- |
| ३९ | ५ न वडा | ५ न वडाका सम्पुर्ण जग्गाहरु | बाटोले नछोएको खेतीयोग्य जमिनहरु | १,००,०००।- |
| ४० | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | हिमाली मार्गले छोएका सम्पुर्ण जमिनहरु | ४,००,०००।- |
| ४१ | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | शहिद मार्गले छोएका सम्पुर्ण जमिनहरु | ३,००,०००।- |
| ४२ | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | कंचन मार्गले छोएका जग्गा | ३,००,०००।- |
| ४३ | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | मिलन मार्गले छोएका जमिनहरु | ३,००,०००।- |
| ४४ | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | कुमाईटोल देखि चैतुवारी सम्मका बाटोले छोएका जमिनहरु | २,००,०००।- |
| ४५ | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | वडा कर्यालय हुदै मिलन मार्गले छोएका जमिनहरु | २,००,०००।- |
| ४६ | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | शाखा बाटोले छोएका जग्गाहरु | १,५०,०००।- |
| ४७ | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | उपशाखा बाटोले छोएका जग्गाहरु | १,२५,०००।- |
| ४८ | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | बाटोले नछोएका खेतीयोग्य जमिनहरु | १,००,०००।- |
| ४९ | ६ न वडा | वडा न ६ का सम्पुर्ण जग्गाहरु | खोला बगरका जमिनहरु | २०,०००।- |
| ५० | ७ न वडा | वडा न ७ का सम्पुर्ण जग्गाहरु | हिमाली मार्गले छोएका सम्पुर्ण जमिनहरु | ४,००,०००।- |
| ५१ | ७ न वडा | वडा न ७ का सम्पुर्ण जग्गाहरु | मिलन मार्गले छोएका सम्पुर्ण जमिनहरु | ३,००,०००।- |
| ५२ | ७ न वडा | वडा न ७ का सम्पुर्ण जग्गाहरु | वडा कार्यलय हुँदै मिलन मार्गले छोएका जमिनहरु | २,००,०००।- |
| ५३ | ७ न वडा | वडा न ७ का सम्पुर्ण जग्गाहरु | शाखा बाटोले छोएका जग्गाहरु | १,५०,०००।- |
| ५४ | ७ न वडा | वडा न ७ का सम्पुर्ण जग्गाहरु | उपशाखा बाटोले छोएका जग्गाहरु | १,२५,०००।- |
| ५५ | ७ न वडा | वडा न ७ का सम्पुर्ण जग्गाहरु | बाटोले नछोएको खेती योग्य जमिनहरु | १,००,०००।- |
| ५६ | ७ न वडा | वडा न ७ का सम्पुर्ण जग्गाहरु | खोला बगरका जमिनहरु | २०,०००।- |

## ३. सम्पत्ति कर मूल्यांकन प्रयोजनका लागि संरचना मूल्यांकनको आधार

| क्र.सं. | भवनको विवरण | प्रयोग अवस्था | गत वर्षको | चालु आ.ब. २०८१/२०८२ को मूल्याङकन दर-रेट |
|---|---|---|---|---|
| १ | आर सि. सि. फ्रेम स्ट्रक्चर | आवासीय क्षेत्र | ५००।- | ५००।- |
| | | व्यापारिक क्षेत्र | ७००।- | ७००।- |
| २ | ईटाको गाह्रो टिन वा टायलको छाना भएको | ईटाको गाह्रो टिन वा टायलको छाना भएको | २००।- | २००।- |
| ३ | ईटाको गाह्रो फुसको छाना भएको भुई घर | ईटाको गाह्रो फुसको छाना भएको भुई घर | १५०।- | १५०।- |
| ४ | अन्य बेराबारा भएको टिनको छाना भएको भुई घर | अन्य बेराबारा भएको टिनको छाना भएको भुई घर | १००।- | १००।- |
| ५ | काठको खावा टिनको छाना भएको टाँडे घर | काठको खावा टिनको छाना भएको टाँडे घर | १५०।- | १५०।- |
| ६ | काठको खावा फुसको छाना भएको टाँडे घर | काठको खावा फुसको छाना भएको टाँडे घर | १००।- | १००।- |
| ७ | फुसको कच्ची घर | फुसको कच्ची घर | २०।- | २०।- |

**अनुसूची -२**

**(दफा ३ सँग सम्बन्धित)**

**भूमि कर (मालपोत)**

**बाहदशी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आ.व. २०८१/०८२ मा भुमिकर (मालपोत) र मालपोत वक्यौता तपसिल बमोजिमका दररेट अनुसार असुली हुनेछ।**

**साविक राजगढ गाविस**

**२०४९ सालमा जिल्ला मालपोत कार्यालयबाट प्राप्त दररेट**

| | | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | न्यूनतम | ३०।०० | २५।०० | २०।०० | १५।०० | १।५० | १।२५ | १।०० | ०।७५ |
| २ | १-१०-० देखी ३-०-० सम्मको | ४०।०० | ३०।०० | २५।०० | १५।०० | २।०० | १।५० | १।१० | ०।८५ |
| ३ | ३-०-० देखी माथिको | १४०।०० | १२४।०० | १००।०० | ८०।०० | ७।०० | ६।२० | ५।०० | ४।०० |

**२०६७ साल बैशाख देखी बृद्धि भएको मालपोत दररेट ( गा.वि.स. को परिषद्को निर्णयबाट)**

| १ | न्यूनतम रु. ५ | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ०-०-१ देखी १-१०-० सम्मको | १२०।०० | १००।०० | ८०।०० | ६०।०० | ६।०० | ५।०० | ४।०० | ३।०० |
| ३ | १-१०-० देखी ३-०-० सम्मको | १४०।०० | १२०।०० | १००।०० | ८०।०० | ७।०० | ६।०० | ५।०० | ४।०० |
| ४ | ३-०-० देखी माथिको | २४०।०० | २२०।०० | २००।०० | १२०।०० | १२।०० | ११।०० | १०।०० | ९।०० |

**२०७० साल फाल्गुण 1 गतेदेखी बृद्धि भएको मालपोत दररेट ( गा.वि.स. को परिषद्को निर्णयबाट)**

| १ | न्यूनतम रु. १० | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ०-०-१ देखी १-१०-० सम्मको | २००।०० | १७५।०० | १५०।०० | १००।०० | १०।०० | ८।७५ | ७।५० | ५।०० |
| ३ | १-१०-० देखी ३-०-० सम्मको | ३००।०० | २५०।०० | २००।०० | १५०।०० | १५।०० | १२।५० | १०।०० | ७।५० |
| ४ | ३-०-० देखी माथिको | ५००।०० | ४००।०० | ३००।०० | २००।०० | २५।०० | २०।०० | १५।०० | १०।०० |

**चकचकी गा.वि.स.**

| १ | न्यूनतम रु. ५ | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | ०-०-१ देखी १-१०-० सम्मको | १६०।०० | १४०।०० | १२०।०० | १००।०० | ८।०० | ७।०० | ६।०० | ५।०० |

**डाँगिबारी गा.वि.स**

| | | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | न्युनतम गर्दा १० भन्दा कम आएमा | १०।०० | १०।०० | १०।०० | १०।०० | १०।०० | १०।०० | १०।०० | १०।०० |
| २ | १-१०-० सम्म | ५०।०० | ४०।०० | ३०।०० | २०।०० | २।५० | २।०० | १।५० | १।०० |
| ३ | १-१०-० देखि ३-०-० सम्म | ८०।०० | ६०।०० | ४०।०० | ३०।०० | ४।०० | ३।०० | २।०० | १।५० |
| ४ | ३-०-० भन्दा माथि | १४०।०० | १००।०० | ६०।०० | ४०।०० | ७।०० | ५।०० | ३।०० | २।०० |

## अनुसूची- ३

### (दफा ४ सँग सम्बन्धित)

### घर बहाल घर

बाह्रदशी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा देहाय अनुसार घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

| क्र.सं. | घरवहाल कर | कैफियत |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा सम्झौता रकमको १०  (दश) प्रतिशतका दरले घर जग्गा वहाल कर लगाईने र असुल गरिनेछ । | |

## अनुसूची - ४
## (दफा ५ सँग सम्बन्धित )
## व्यापार तथा व्यवसाय कर

**बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोबारका आधारमा देहाय बमोजिम व्यवसाय कर लागाइने र असुल उपर गरिनेछ।**

**नोट :** व्यापार तथा व्यवसायको करोवार पुंजी विवरण देहाय अनुसार रहनेछ।

क. रु ५० लाख भन्दा माथिको कारोवारलाई क वर्ग

ख. रु ३० लाख देखि ५० लाख सम्मको कारोवारलाई ख वर्ग

ग. रु १ लाख देखि २० लाख सम्मको कारोवारलाई ग वर्ग को रुपमा राखि सोहि अनुसार कर असुल उपर गरिने।

| सि. नं. | | दर्ता शुल्क | | | वार्षिक नवीकरण शुल्क | | | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | पसल/फर्म | क | ख | ग | क | ख | ग | |
| २ | कपडा पसल | २०००।० | १,५००।० | १,०००।० | १,०००।० | ७,५०।० | ५,००।० | |
| ३ | हार्डवेयर " | ३,०००।० | २,०००।० | १,०००।० | १,५००।० | १,०००।० | ५,००।० | |
| ४ | होटल/लज मदिरा जन्य " | ३,०००।० | २,०००।० | १,०००।० | १,५००।० | १,०००।० | ५,००।० | |
| ५ | होटल/मिठाई/नास्ता " | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| ६ | सुन/चाँदी " | ३,०००।० | २,०००।० | १,०००।० | १,५००।० | १,०००।० | ५,००।० | |
| ७ | किराना " | २,०००।० | १,५००।० | १,०००।० | १,०००।० | ७,५०।० | ५,००।० | |
| ८ | जुत्ता/चप्पल " | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| ९ | श्रगांर /कस्मेटिक " | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| १० | सैलुन " | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| ११ | व्युटिपार्लर | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| १२ | टेन्ट हाउस/क्याट्रिङ साउण्ड सिष्टम | ३,०००।० | २,०००।० | १,०००।० | १,५००।० | १,०००।० | ५,००।० | |
| १३ | पेट्रोलियम " | २,०००।० | १,५००।० | १,०००।० | १,०००।० | ७,५०।० | ५,००।० | |
| १४ | पान " | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| १५ | टेलर्स " | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| १६ | धान काटा " | २,०००।० | १,५००।० | १,०००।० | १,०००।० | ७,५०।० | ५,००।० | |
| १७ | फोटो स्टुडियो " | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| १८ | रेडियो/टि.भी./घडी/बिजुली/ मोबाइल मर्मत केन्द्र, सेन्टर | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| १९ | रेडियो/टि.भी./घडी/क्यामेरा / मोबाइल बिक्री केन्द्र /पसल | २,०००।० | १,५००।० | १,०००।० | १,०००।० | ७,५०।० | ५,००।० | |
| २० | स्टेशनरी पसल | २,०००।० | १५,००।० | १,०००।० | १,०००।० | ७,५०।० | ५,००।० | |
| २१ | मोटर साइकल ग्यारेज, मर्मत सेन्टर पसल | ३,०००।० | २,०००।० | १,०००।० | १,५००।० | १,०००।० | ५,००।० | |
| २२ | मोटर साइकल शो. रुम एण्ड पार्टस बिक्री पसल | ४,०००।० | ३,०००।० | २,०००।० | २,०००।० | १,५००।० | १,०००।० | |
| २३ | मनी ट्रान्सफर | ५,०००।० | ३,०००।० | २,०००।० | २,५००।० | १,५००।० | १,०००।० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | माछा/ मासु पसल | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| २५ | औषधी पसल | ४,०००।० | ३,०००।० | २,०००।० | २,०००।० | १,५००।० | १,०००।० | |
| २६ | वाध्य वाजन गायन प्रशिक्षण केन्द्र | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| २६ | भाडा, वर्तन,ग्यास, गिफ्ट हाउस पसल | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| २७ | साइकल पसल | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |
| २८ | दुग्ध/ डेरी पसल | १,५००।० | १,०००।० | ५,००।० | ७,५०।० | ५,००।० | २,५०।० | |

**बैंक तथा वित्तिय संस्था व्यपार तथा व्यवसाय नविकरण ।**

| | | |
|---|---|---|
| "क" वर्ग | ५०,०००।०० | |
| "ख" वर्ग | ३०,०००।०० | |
| "ग" वर्ग | १५,०००।०० | |

**सहकारी संस्थाको व्यवसाय दर्ता प्रमाणपत्र नविकरण**

| | | |
|---|---|---|
| "क" वर्ग | ३,०००।०० | |
| "ख" वर्ग | २,०००।०० | |
| "ग" वर्ग | १,०००।०० | |

**निजि विद्यालय संचालन**

| | | |
|---|---|---|
| आधारभूत तह (१ -५) | २,०००।०० | |
| आधारभूत तह (१ -८) | ३,०००।०० | |
| माध्यमिक तह | ५,०००।०० | |

**उपरोक्तमा नपरेको पसल/फर्म हेरी कार्यपालिकाको निर्णय बमोजिम ५००।- देखी ५,०००।- सम्म निर्धारण गरिनेछ।**

## अनुसूची -५

**(दफा ६ सँग सम्बन्धित)**

## जडिबुटि, कवाडी र जिवजन्तु कर

बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरेवापत देहाय बमोजिमको कर लागाईने र असुल उपर गरिनेछ।

| सि.नं. | विवरण | दर रेट ( वार्षिक) आ.व. २०८०।०८१ | दर रेट (वार्षिक) आ.व. २०८१।०८२ | | कैफियत |
|---|---|---|---|---|---|
| १ | ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तु | ३,०००।- | ३,०००।- | | |
| २ | **कवाडी कर** | | **दर्ता** | **नविकरण** | |
| | "क" वर्ग | ३,०००।- | ३,००० | १,५०० | |
| | "ख" वर्ग | २,०००।- | २,००० | १,००० | |
| | "ग" वर्ग | १,०००।- | १,००० | ५,०० | |

**अनुसूची - ६**
**(दफा ७ सँग सम्बन्धित)**

## सवारी साधन कर

बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा देहाय बमोजिम वार्षिक सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ ।

| सि.नं. | सवारी साधनको नाम | दर रेट (वार्षिक) आ.व. २०८०।०८१ | दर रेट (वार्षिक) आ.व. २०८१।०८२ | कैफियत |
|---|---|---|---|---|
| १. | टाँगा | ०।- | ०।- | |
| २. | रिक्सा | १००।- | १००।- | |
| ३. | अटो रिक्सा | ५००।- | ५००।- | |
| ४. | विद्युतीय रिक्सा(इ-रिक्सा) | ५००।- | ५००।- | |
| ५. | सिटि रिक्सा नविकरण | ५००।- | ५००।- | |
| ६. | सिटि रिक्सा नामसारी | १,०००।- | १,०००।- | |
| ७. | ट्याक्टरको दर्ता तथा नविकरण | १,०००।- | १,०००।- | |

- नयाँ उद्योग कल कारखाना पालिका क्षेत्रभित्र स्थापना गर्दा शुरु बर्ष दर्ता शुल्क मात्र लिईने र त्यस पछि आर्थिक बर्ष समाप्त भएपछि बार्षिक नविकरण शुल्क लाग्नेछ ।
- उपरोक्त अनुसारका नविकरणहरु सम्बन्धित वडामा गर्न सकिने छ ।
- बार्षिक नविकरण गर्न आउदा चालकलाइ ज्योकट निशुल्क उपलब्ध गराइने छ ।

## अनुसूची- ७
## (दफा ८ सँग सम्बन्धित)
## विज्ञापन कर

बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा देहाय बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | रकम (रु.) आ.व. २०८०।०८१ | रकम (रु.) आ.व. २०८१।०८२ | कैफियत |
|---|---|---|---|---|
| १. | होडिंग वोर्ड मुख्य सडकहरू प्रति वर्ग फिट | २०।- | २०।- | |
| २. | होडिंग वोर्ड मुख्य सडकसंग जोडिएका शाखा सडकहरू प्रति वर्ग फिट | १५।- | १५।- | |
| ३. | होडिंग वोर्ड अन्य शाखा सडक प्रति वर्ग फिट | १०।- | १०।- | |
| ४. | फ्ल्यास वोर्ड प्रति वर्ग फिट | १०।- | १०।- | |
| ५. | माथि उल्लेखित प्रकरण बाहेकका हकमा प्रति वर्ग फिट | १०।- | १०।- | |
| ६. | व्यानर प्रति २ हप्ता | ५००।- | ५००।- | |
| ७. | व्यानर व्यापारीक प्रति गोटा प्रति वर्ग फिट(दूई हप्ताका लागि) | २०।- | २०।- | |
| ८. | गेट राख्न गाउँपालिकाको स्वीकृति लिएर मात्र प्रति हप्ता | १,०००।- | १,०००।- | |
| ९. | प्रचारप्रसार सिटी रिक्सा समेतबाट माईकिंग प्रतिदिन मात्र | ५०।- | ५०।- | |
| १०. | प्रचार प्रसार गाडिवाट प्रति दिन | १००।- | १००।- | |

## अनुसूची- ८
## (दफा ९ सँग सम्बन्धित)

## मनोरञ्जन कर

बाह्रदशी गाउँपालिका क्षेत्रभित्र चलचित्र घर, साँस्कृतिक प्रद्धर्शन हल, कन्सर्ट, नाटक घर/थ्रियटर, फनपार्क, बाल उद्धान, वाटर पार्क, दोहोरी साँझ, डान्स वार, जुम्बा, हाट बजार र मेला जस्ता मनोरन्जन स्थलमा प्रदेश आर्थिक विधेयक २०७७ को दफा ५ को अनुसूची- ३ बमोजिम मनोरन्जन स्थलको

प्रवेशको लागि खरिद गरिने टिकटको मुल्यमा मनोरन्जन कर लाग्ने छ । मनोरन्जन कर वापत उठेको रकम कर मनोरन्जन स्थलको धनीले कर उठेको महिना भन्दा पछिल्लो महिनाको पच्चीस गते भित्र यस गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

| क्र.सं. | मनोरन्जन कर | कैफियत |
|---|---|---|
| १ | प्रति टिकटको २ प्रतिशत स्थानिय कर (यसमा स्थानिय मनोरञ्जन कर रकम मूल्य बृद्धिमा समावेश गर्न पाईने छैन) | |

**अनुसूची -९**
**(दफा १० सँग सम्बन्धित)**

**वहाल विटौरी कर**

बाह्रदशी गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार वा पसलमा देहाय अनुसार वहाल बिटौरी कर असूल उपर गरि संकलन गरिने छ ।

**(क) राजगढ बजार स्थित गाउँपालिकाको कोठा भाडा निर्धारण गरिएको वर्ग बमोजिम प्रति महिना देहायको दर रेट निर्धारण गरिएको छ ।**

| सि.नं. | वहाल विटौरी कर | दर रेट (वार्षिक) आ.व. २०८०।०८१ | दर रेट (वार्षिक) आ.व. २०८१।०८२ | कैफियत |
|---|---|---|---|---|
| १. | **“क” वर्ग** | १,०००।- | १,०००।- | |
| २. | **“ख” वर्ग** | ७५०।- | ७५०।- | |
| ३. | **“ग” वर्ग** | ५००।- | ५००।- | |
| ४. | **“घ” वर्ग** | ४००।- | ४००।- | |
| ५. | **“ङ” वर्ग** | ३००।- | ३००।- | |

| | | | | |
|---|---|---|---|---|
| **(ख) गाउँपालिका क्षेत्र भित्रको आफ्नो स्वामित्वमा भएको वा पर्ति,ऐलानी जग्गा प्रयोग वापत लिइने वहाल कर** | | | | |
| १. | गाउँपालिका क्षेत्रभित्रको पर्ति, ऐलनाी जग्गामा कानून बमोजिम गाँउपालिका आफैले अस्थायी टहरा वा छाप्रा निर्माण गरी अस्थायी पसल तथा व्यवसाय वा आवासका लागि उपलब्ध गराएकोमा प्रति महिना प्रति वर्गफुट | ७५० | ७५० | यसरी वहाल कर असुल गरेकै कारणले हकभोग भने कायम हुने छैन । |
| २. | गाउँपालिका क्षेत्र भित्रको पर्ति, ऐलानी जग्गामा कानून बमोजिम गाउँपालिका आफैले पक्की भवन निर्माण गरी अस्थायी पसल तथा व्यवसाय वा आवासको लागि उपलब्ध गराएकोमा प्रति पहिना प्रति वर्गफूट | **८००** | **८००** | |
| ३ | **हाट बजार शुल्क** | | | |
| | कपडा रेडिमेड पसल | ५०।- | ५०।- | |
| | किराना पसल<br>: थोक<br>: खुद्रा | ३०।- | ५०।-<br>३०।- | |
| | भाडा पसल | २५।- | २५।- | |
| | हार्डवेयर पसल | ०।- | ५०।- | |
| | सागसब्जी/ फलफूल लगायत अन्य साना | १५। | १५। - | |

| | पसल | - | | |
|---|---|---|---|---|

**नोट :राजगढ बजार व्यवस्थापन तथा सुधारको कममा भत्काइएका टहराको कर मिनाह गरिनेछ ।**

## अनुसूची -१०

## (दफा ११ सँग सम्बन्धित)

### पार्किङ्ग शुल्क

बाह्रदशी गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत देहाय अनुसार पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

| सि.नं | सवारी साधनको नाम | पार्किङ्ग शुल्क आ.व. २०८०।०८१ | पार्किङ्ग शुल्क आ.व. २०८१।०८२ | कैफियत |
|---|---|---|---|---|
| १. | ट्रली, लहरी, टिफर, | ५०।- | ५०।- | |
| २. | बस, ट्रक, ट्रयाक्टर, | ५०।- | ५०।- | |
| ३. | पिकअप, मिनी बस, मिनी ट्रक, | ३०।- | ३०।- | |
| ४. | माइक्रो बस कार, जीप, भेन, टेम्पु | २०।- | २०।- | |
| ५. | भारतिय सवारी साधन ट्रली, लहरी,बस, ट्रक | १००।- | १०० ।- | |
| ६. | भारतिय सवारी साधन कार, जीप, भेन, माइक्रो | ५०।- | ५०।- | |

## अनुसूची - ११

### (दफा १२ सँग सम्बन्धित)

**<u>ट्रेकिङ्ग किङ्ग, कोयोकिङ, क्यान्योइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क</u>**

बाह्रदशी गाउँपालिकाको आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यान्योइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत देहाय अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

| सि.नं. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ | ०।- | हाल यस गाउँपालिका क्षेत्र भित्र यस प्रकारको व्यवसाय सन्चालनमा नआएको र पछि आएमा कार्यपालिका बैठकबाट शुल्क निर्धारण भए अनुसार हुने । |
| २ | कोयोकिङ | ०।- | |
| ३ | बन्जी जम्पिङ्ग | ०।- | |
| ४ | जिपफ्लायर | ०।- | |
| ५ | र्‍याफ्टीङ्ग | ०।- | |

## अनुसूची -१२
## (दफा १३ सँग सम्बन्धित)

## सेवा शुल्क दस्तुर

बाह्रदशी गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराए सेवामा सेवाग्राहीबाट देहाय अनुसार शुल्क असुल उपर गरिनेछ ।

(१).**स्थानीय पूर्वाधार सेवा शुल्क (सडक पूर्वाधार प्रयोग वापत)**

| सि.नं | सवारी साधनको नाम | पार्किङ्ग शुल्क ( पटक) आ.व. २०८०।०८१ | पार्किङ्ग शुल्क ( पटक) आ.व. २०८१।०८२ | कैफियत |
|---|---|---|---|---|
| १. | ट्रकली, लहरी, टिफर, | ५०।- | ५०।- | |
| २. | बस, ट्रक, ट्याटर | ५०।- | ५०।- | |
| ३. | पिक अप, मिनी बस, मिनी ट्रक, | ३०।- | ३०।- | |
| ४. | माइक्रो बस कार, जीप, भेन, टेम्पु | २०।- | २०।- | |
| ५. | भारतीय सवारी साधन ट्रली, लहरी,बस, ट्रक | १००।- | १००।- | |
| ६. | भारतीय सवारी साधन कार, जीप, भेन, माइक्रो | ५०।- | ५०।- | |

(२).**कार्यालयले उपलब्ध गराएको विभिन्न सेवा सुविधा एवं सिफारीसमा लाग्ने सेवा शुल्क तथा सिफारीस दस्तुर**

| (क) घरनक्सा पास दस्तुर | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **सि. न** | **विवरण** | **दस्तुर को दररेट रु. आ.व.२०७९।०८०** | **आ.व २०८१।८२ को दररेट** | | | | | |
| | | | **जम्मा क्षेत्रफल व.फि** | | | | | |
| | | | **१०००** | **१००१-२०००** | **२००१-३०००** | **३००१-४०००** | **४००१ भन्दा बढी** |
| १. | **"क" वर्गका भवन प्रति वर्ग फिट**<br>**"क"** वर्गका भवन भन्नाले भवन ऐन २०५५ को दफा ८(क) मा व्यवस्था भए अनुसार विकसित मुलुकमा अपनाइएका भवन संहिता समेतको अनुसरण गरी इण्टरनेशनल स्टेट अफ आर्टमा आधारित हुने गरी बनाइने अत्याधुनिक | ९।- | ९।- | ९।५० | १०।- | १०।५० | ११।- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भवनहरू । | | | | | | |
| २. | **<u>“ख” वर्गका भवन प्रति वर्ग फिट</u>**<br><br>**“ख”** वर्गको भवन भन्नाले भवन ऐन २०५५ को दफा ८ (ख) मा व्यवस्था भएको प्लीन्थ एरिया १००० वर्गफीटभन्दा बढी, भुइँतला सहित ३ (तीन) तला भन्दा बढी वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच (४.५) मीटरभन्दा बढी भएका भवनहरू । | ७।- | ७।- | ७।- | ७।५० | ८।- | ८।५०- |
| ३. | **<u>“ग” वर्गका भवन प्रति वर्ग फिट</u>**<br><br>**“ग”** वर्गका भवन भन्नाले | ६।- | ६।- | ६।५०- | ७।- | ७।५० | ८।- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भवन ऐन २०५५ को दफा ८ (ग) मा व्यवस्था भएको प्लीन्थ एरिया १००० वर्गफीट सम्म, भुइँतला सहित तीन तलासम्म वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच (४.५) मीटरसम्म भएका भवनहरू । | | | | | | |
| ४. | **<u>“घ” वर्गका भवन प्रति वर्ग फिट</u>** खण्ड (क), (ख) र (ग) मा लेखिए देखि बाहेकका काँचो वा पाको ईंटा, ढुङ्गा, माटो, बाँस, खर आदि प्रयोग गरी दुई तलासम्म बनाइने साना घर, छाप्राहरु । | २।- | २।- | २।- | २।- | २।- | २- |
| ५. | ईटा वा ढुंगा र | ४।- | ४।- | | | | |

| | | | |
|---|---|---|---|
| | सिमेण्टको पक्की पर्खाल प्रति रनिङ्ग फिट | | |
| ६ | **अभिलेखिकरण गर्ने प्रयोजनको लागि क्षेत्रफलको आधारमा नयाँ घरको नक्सापास दस्तुरको रकममा थप १००% जरिवाना स्वरुप लिइ नयाँ घरनक्सा पासको दोब्बर दस्तुर लिइनेछ।** | | |

**(ख) अन्य सेवा शुल्क तथा सिफारीस दस्तुर**

| **सि.नं.** | **विवरण** | **लाग्ने दस्तुर आ.व.२०८०।०८१** | **लाग्ने दस्तुर आ.व. २०८१।०८२** | **कैफियत** |
|---|---|---|---|---|
| १. | घर नक्सा पास पुस्तिका | ५००।- | ५००।- | |
| २. | घर नक्सा लेआउट | ५००।- | ५००।- | |
| ३. | घर नक्सा निरीक्षण तथा सर्जमिन | १,०००।- | १,०००।- | |
| ४. | नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी | २५०।- | २५०।- | |
| ५. | घर नक्साको प्रतिलिपी | ५००।- | ५००।- | |
| ६. | घर निर्माण सम्पन्न प्रमाण पत्र पक्की | ५००।- | ५००।- | |
| ७. | घर निर्माण सम्पन्न प्रमाण पत्र कच्ची | ३००।- | ३००।- | |
| ८. | घर नक्सा नामसारि १००० स्वाक्यर फिट भन्दा माथिको लागि | १०००।- | १०००।- | पक्की घरको हकमा |
| ९. | घर नक्सा नामसारि १००० स्वाक्यर फिट भन्दा कम | ५००।- | ५००।- | पक्की घरको हकमा |

| | | | | |
|---|---|---|---|---|
| | लागि | | | |
| १०. | घर कायमको सिफारीस ( घर सम्पन्न प्रमाण पत्र प्राप्त भएकाको हकमा मात्र) | ५००।- | ५००।- | |
| **(ग) अन्य विविध सिफारीसहरु** | | | | |
| ११. | नेपाली नागरिकताको प्रमाण पत्रको सिफारीस | १५०।- | १५०।- | |
| १२ | धनिपुर्जा सिफारिस दस्तुर | | ३००।- | |
| १३. | नागरिकताको प्रतिलिपि | २००।- | २००।- | |
| १४. | नाता प्रमाणित दस्तुर | ५००।- | ५००।- | |
| १५. | बसोवास प्रमाणित (वैदेशिक प्रयोजन) | ५००।- | ५००।- | |
| १६. | बसोवास प्रमाणित (स्वदेशि प्रयोजन) | २००।- | २००।- | |
| १७. | अविवाहित प्रमाणित | १०००।- | ५०० | |
| १८. | प्रतिलिपि दस्तुर प्रति पाना | १५।- | १०।- | |
| १९ | मालपोत प्रतिलिपि दस्तुर | | ५०। | |
| २० | लिखत प्रमाणित दस्तुर | ५००।० | ५००।० | |
| २१ | मिलापत्र दस्तुर (दुवै पक्षबाट आधा आधा व्यहोरिने) | १०००।- | १०००।- | |
| २२. | उजुरी तथा मुद्धा दर्ता दस्तुर | १००।- | १००।- | |
| २३. | मोही लगत कट्टा(प्रति कठ्ठा) प्रति सिफारीस | १००।- | १००।- | |
| २४. | विद्युत मिटर प्रति सिफारीस | २००।- | २००।- | |
| २५. | व्यवसाय नामसारि सिफारीस | ५००।- | ५००।- | |

| | | | | |
|---|---|---|---|---|
| | दस्तुर | | | |
| २६. | व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र निशुल्क त्यस पछि दर्ता आएमा जरिवाना वापत | २००।- | २००।- | |
| २७. | व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपि | ५००।- | ५००।- | |
| २८. | साँध सिमाना प्रमाणित | २००।- | २००।- | |
| २९. | जग्गा नामसारि सिफारीस प्रति कठ्ठा | ५०।- | ५०।- | |
| ३०. | अन्य विविध सर्जमिन मुचुल्का | ३५०।- | ३५०।- | |
| ३१. | वैदेशिक रोजगारीको सिफारीस | ५००।- | ५००।- | |
| ३२. | कन्सुलर प्रमाणित | ५००।- | ५००।- शुरुमा र प्रति पानामा रु २०० को दरले थप हुने । | |
| ३३. | नाबालक सिफारीस परिचय पत्र | २००।- | २००।- | |
| ३४. | व्यवसाय, कारोवार बन्द सिफारीस | ५००।- | ५००।- | |
| ३५. | संघ संस्था नवीकरण सिफारीस | ५००।- | ५००।- | |
| ३६. | अन्य विभिन्न किसिमका सिफारीस | १००।- | १००।- | |
| ३७ | निर्माण व्यवसायी इजाजत नवीकरण सिफारीस | ५००।- | ५००।- | |
| ३८ | परिवार ल्याएको लगेको सिफारीस | १५०।- | १५०।- | |

| | | | | |
|---|---|---|---|---|
| ३९ | नाफा मूलक संघ संस्था दर्ता/नवीकरण सिफारीस | ५००।- | १०००।- | |
| ४०. | मोहि नामसारी सिफारीस | ३००।- | ३००।- | |
| ४१ | सम्बन्ध विच्छेदको सिफारीस | १०००।- | १०००।- | |
| ४२. | सघं सस्था नयाँ दर्ता ( सेवामुलक) | | २,०००।० | |
| ४३ | सघं सस्था नविकरण ( सेवामुलक) | | | |
| ४४ | <u>सुचिकृत दस्तुर</u><br>**"क" वर्ग** | | ३,०००।० | |
| | **"ख" वर्ग** | | २,०००।० | |
| | **"ग" वर्ग** | | १,०००।० | |
| ४५ | <u>ठूला उद्योग स्थापना सिफारीस/ मझौला उद्योग स्थापना सिफारीस /साना उद्योग स्थापना सिफारीस</u><br><u>पूँजीको आधारमा:</u><br>- ५ करोड भन्दा माथी<br>- २ करोड देखी ५ करोड सम्म<br>- १ करोड देखी २ करोड सम्म<br>- ५० लाख देखी १ करोड सम्म<br>- ५० लाख भन्दा मुनी | - | १०,०००।-<br>५,०००।-<br>३,०००।-<br>२,०००।<br>१,०००।- | |
| ४६. | रुख कटान सिफारीस प्रति गोटा | १००।- | १००।- | |
| ४७. | नेपाली पेन्सन पट्टा सिफारीस | ३००।- | ३००।- | |
| ४८. | भारतिय पेन्सन पट्टा | ५००।- | ५००।- | |

| | | | | |
|---|---|---|---|---|
| | सिफारीस | | | |
| ४९ | अन्य मुलुकको पेन्सन पट्टा सिफारीस | १,०००।- | १,०००।- | |
| ५० | अपुतालि सिफारीस | १,०००।- | १,०००।- | |
| ५१ | जन्म मृत्यु विवाह प्रमाणित तथा सिफारीस | ३००।- | ३००।- | |
| ५२. | अंग्रेजीमा प्रमाणित तथा सिफारीस | ५००।- | ५००।- | |
| ५३. | निजी विद्यालयसँग सम्बन्धित विभिन्न सिफारीस | २००।- | २००।- | |
| ५४. | निजी विद्यालयको मन्टेश्वरी स्थापना शुल्क | ५,०००।- | ५,०००।- | |
| ५५. | निजी विद्यालय आधारभूत तह कक्षा थप | ५,०००।- | ५,०००।- | |
| ५६. | निजी विद्यालय माध्यमिक तह कक्षा थप | १०,०००।- | १०,०००।- | |
| ५७. | निजी विद्यालय विषय थप | ५,०००।- | ५,०००।- | |
| ५८. | निजी विद्यालय स्थानान्तरण ( आधारभूत तह) | १०,०००।- | १०,०००।- | |
| ५९ | निजी विद्यालय स्थानान्तरण ( माध्यमिक तह) | १५,०००।- | १५,०००।- | |
| ६० | निजी विद्यालय कक्षा थप स्थानान्तरण, विषय थप, नयाँ विद्यालय फाराम शुल्क | २०००।- | २०००।- | |
| ६१. | ग्रेड सिट प्रतिलिपि, प्रमाणपत्र प्रमाणिकरण | २००।- | २००।- | |
| ६२. | सम्पत्ति मुल्याङ्कन | ०.१० प्रतिशत | विद्यार्थीको हकमा ५०% छुट दिईनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६३. | आय श्रोत प्रमाणित | ०.१० प्रतिशत | विद्यार्थीको हकमा ५०% छुट दिईनेछ । | |
| | **घ) घर बाटो सिफारीस (विवरण)** | | | |
| ६४ | क) मुल बाटोले छोएको जग्गाको प्रति सिफारीस | १०००।- | १०००।- | |
| | ख) सहायक बाटोले छोएको जग्गाको प्रति सिफारीस | ८००।- | ८००।- | |
| | ग) भित्री शाखा बाटोले छोएको जग्गाको प्रति सिफारीस | ७००।- | ७००।- | |
| | घ) बजार क्षेत्रले छोएको जग्गाको प्रति सिफारी | १५००।- | १५००।- | |
| | ङ) बाटोले नछोएको जग्गाको प्रति सिफारीस | ५००।- | ५००।- | |

**बजार क्षेत्र भन्नाले राजगढ बजार क्षेत्र सम्झनु पर्नेछ ।**

| | | | | |
|---|---|---|---|---|
| | **(ङ) चार किल्ला प्रमाणित दस्तुर** | | | |
| | क) मूल बाटोले छोएको जग्गाको प्रति सिफारीस | ७००।- | ७००।- | |
| ६५. | ख) बजारले छोएको प्रति सिफारिस | ८००।- | ८००।- | |
| | ग) सहायक बाटोले छोएको जग्गाको प्रति सिफारीस | ४००।- | ४००।- | |
| | घ) शाखा बाटोले छोएको जग्गाको प्रति सिफारीस | ५००।- | ५००।- | |
| | ङ) भित्री बाटोले छोएको जग्गाको सिफारीस | ३००।- | ३००।- | |

| | | | | |
|---|---|---|---|---|
| **(च) दूरी प्रमाणित (अमिन बाट गरिने)** | | | | |
| ६६. | क) बैकिङ प्रयोजनका लागि | ५००।- | ५००।- | |
| | ख) सर्बसाधारणसँग जोडीएका घर घर विच | २००।- | २००।- | |
| | ग) किचलो परी आएको हकमा | ५००।- | ५००।- | |
| | घ) माथि उल्लेखित बाहेकको हकमा | ५००।- | ५००।- | |
| **(छ) घर कोठा खोल्ने सिफारीस** | | | | |
| ६७. | क) व्यवसायिक घर कोठा खोल्ने | १,५००।- | १,५००।- | |
| | ख) आवासिय घर कोठा खोल्ने सिफारीस | ५००।- | ५००।- | |
| **(ज) अमिनबाट गरिने सबै प्रकारको सिफारीसहरु (सम्बन्धित जग्गाधनीले माग निवेदन गरेको आधारमा** | | | | |
| | **विवरण** | **आ.व २०७९।८०** | **आ.व २०८०।८१ र ०८१।०२ समेत** | |
| ६८. | क) १ कठ्ठा सम्म | १,०००।- | १,०००।- | |
| | ख) १ कठ्ठा देखि १० कठ्ठा सम्म | १,५००।- | १,५००।- | |
| | घ) १० कठ्ठा देखि १ विगाहा सम्म | | २,५००।- | |
| | ङ) १ विगाहा देखि माथि | २,५००।- | प्रति कठ्ठा रु १०० का दरले थप हुँदै जाने | |
| **नोटः साध सिमाना नजोडिएको हकमा माथिकै नियम लागु हुनेछ।** | | | | |

**३) विद्युत, खानेपानी लगायतका अन्य सिफारीस**

| **क . विद्युत जडान तथा मिटर सिफारीस** | | | | |
|---|---|---|---|---|
| १ | कृषि व्यवसाय तथा सिँचाई प्रयोजन समेत | १५०।- | २००।- | |
| २ | उद्योग, कलकारखाना, पसल तथा व्यवसाय र व्यवसायिक भवन समेत -थ्रिफेज लाईन जडान सिफारीस समेत) | ५००।- | ५००।- | |
| ३ | आवासीय घरमा | १५०।- | २००।- | |
| ४ | सकुम्वासी तथा गरिव र सिमान्तकृत परिवारका लागि | २५।- | निःशुल्क | |

**४) विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवाः**

| क.सं. | विवरण | आ.व. २०८०/८१ को प्रस्तावित रु (वार्षिक शुल्क) | आ.व. २०८१/८२ को प्रस्तावित रु (वार्षिक शुल्क) | कैफियत |
|---|---|---|---|---|
| **१) विशेषज्ञ परामर्श सेवा** | | | | |
| **क) चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आयुरवेदिक, पशु चिकित्सक, भेटरीनरी समेत** | | | | |
| १ | एम.डी. डाक्टरलाई | २,०००।- | २,०००।- | |
| २ | पशु चिकित्सामा स्नातकोत्तर | १,५००।- | १,५००।- | |
| ३ | एम.वि.वि.एस. | १,०००।- | १,०००।- | |
| ४ | पशु चिकित्सामा स्नातक | ७५०।- | ७५०।- | |
| ५ | अ.हे.व तथा पशु सहायकलाई | ५००।- | ५००।- | |
| ६ | कविराज, होमियोपेथिक, आर्युवेदिक डाक्टर | १,०००।- | १,०००।- | |
| ७ | कविराज, होमियोपेथिक, आयुर्वेदिक अहेब | ५००।- | ५००।- | |
| **ख) भ्यालुएटर (मूल्याङ्कन कर्ता इन्जिनियरिङ सेवा)** | | | | |
| १ | बैक तथा वित्तीय संस्थाको प्रयोजनका लागि | २,०००।- | २,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| २ | विमा प्रयाजनका लागि | १,५००।- | १,५००।- | |
| ३ | अन्य सवै | ७५०।- | ७५०।- | |
| **ग ) परामर्शदाता (आर्थिक, भौतिक, सामाजिक तथा साँस्कृतिक लगायतका विषयसंग सम्बन्धित दर्तावाला विभिन्न परामर्शदाता** | | १,०००।- | १,०००।- | |
| **२. सेवा व्यवशाय** | | | | |
| **क) निर्माण व्यवशाय** | | | | |
| १ | **श्रेणी "घ"** | १०,०००।- | १५,०००।- | |
| २ | श्रेणी **"घ"** नवीकरण | ५,०००।- | ५,०००।- | वार्षिक |
| **ख) संचार सेवा (पत्रपत्रीका, एफ. एम. रेडियो तथा रेडियो वा टेलिभिजन प्रसारण समेत)** | | | | |
| १. | पत्रपत्रिका वितरक | १००।- | १००।- | |
| २. | पत्रीका प्रकाशक | १,५००।- | १,५००।- | |
| ३. | एफ.एम.रेडियो प्रसारण | २,५००।- | २,५००।- | |
| ४. | **केवल नेटवर्क** | | | |
| | क) ५०० सम्म ग्राहक भएको | ५,०००।- | ३,०००।- | |
| | ख) ५०० देखि १,००० सम्म ग्राहक भएको | १०,०००।- | ५,०००।- | |
| | ग) १,००० भन्दा माथि ग्राहक भएको हकमा सि.नं. ४ (ख) मा थप प्रति ग्राहक रु. २।० | २।- | ५,०००।- र प्रति ग्राहक रु. २।- | |
| ५. | मोवाईल टावर ठूलो | १५,०००।० | १०,०००।० | ठूलो टावर भन्नाले घरको छतमा राखिएका |

| | | | | |
|---|---|---|---|---|
| ६. | सानोको हकमा | १०,०००।० | ५,०००।० | टावरहरूलाई जनाउने छ भने दुई तल्ले घर सम्मको उचाई भएका जमिनमा राखिएका टावरहरूलाई समेत ठूलो टावरको रुपमा लिईने छ |
| **ग) दर्तावाला सूर्तिजन्य पदार्थ बिक्रेताका लागि स्थानीय उत्पादन ओसारपसार परिमाणको आधारमा सिफारीस पत्रको दस्तुर निम्न हुनेछ।** | | | | |
| १. | फारी प्रति मन | १००। - | १००। - | |
| २. | गाछी प्रति मन | ५०।- | ५०।- | |
| ३. | कुटनी प्रति मन | २५।- | २५।- | |
| **घ) घर निर्माण गर्ने ठेकेदारलाई दर्ता तथा वार्षिक नविकरण शुल्क वापत** | | | | |
| १ | **नयाँ दर्ता** | | ५,०००।- | बर्षिक |
| २ | **नविकरण** | | १,०००।- | |
| **ङ) उद्योग दर्ता सिफारीस** | | | | |
| **१. खाद्य तथा पेय पदार्थ, प्रशोधन तथा उत्पादन गर्ने** | | | | |
| १ | दाल, चामल, चिउरा, भुजिया लगायतका उपभोग्य बस्तु | २५०।- | २५०।- | |
| २ | पाउरोटी तथा केक | २००।- | २००।- | |
| ३ | मसला तथा मसला जन्य पदार्थ | ५००।- | ५००।- | |
| ४ | चाउचाउ, विस्कुट, कन्फेक्सनरी, सस लगायत | १,०००।- | १,०००। - | |
| ५ | डिस्टीलरी उद्योग | ५,०००।- | ५,०००।- | |
| ६ | माथि उल्लेख नभएका खाद्य पदार्थ प्रशोधन तथा उत्पादन गर्ने सवै प्रकारका उद्योगहरूलाई | १,५००।- | १,५००।- | |
| ७ | पानी फ्याकटी दर्ता / नविकरण | | १,०००। - | |
| **२) सिमेन्ट, रड, स्टील प्लान्ट, ग्लास प्लान्ट उद्योग प्रति सिफारीस दर्ता** | | **१,००,०००।-** | **१,००,०००।-** | |
| **३.सुर्तिजन्य/मदिराजन्य उद्योग दर्ता शुल्क निम्न बमोजिम हुनेछ।** | | | | |
| ९. | ठूला | ५०,०००।- | ५०,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| १०. | मझौला | ४०,०००।- | ४०,०००।- | |
| ११. | साना | ३०,०००।- | ३०,०००।- | |
| **४. चिया तथा जडिबुटी** | | | | |
| १. | चिया,कफि फारम, चिया, कफि प्रशोधन केन्द्र | २,५००।- | २,५००।- | |
| २. | जडिबुटी प्रशोधन केन्द्र | १,५००। - | १,५००। - | |
| **५. पशु आहार उत्पादन तथा प्रशोधन केन्द्र** | | | | |
| १. | पशु आहार पेलेट दाना | १,०००।- | १,०००।- | |
| २. | पशु आहार सामान्य | ५००।- | ५००।- | |
| ३ | **पशुपन्छी/ कृषि फर्म दर्ता+ नविकरण**<br>**“क” वर्ग** | | १,५००। - | |
| | **“ख” वर्ग** | | १,०००। - | |
| | **“ग” वर्ग** | | ५००। - | |

| **६. अन्य उद्योगहरू दर्ता/नविकरण तथा सिफारीस दस्तुर :** | | **२०८०।८१** | | **२०८१।८२** | | |
|---|---|---|---|---|---|---|
| १ | **प्लाई उद्योग** | **दर्ता** | **नविकरण** | **दर्ता** | **नविकरण** | |
| | **“क” वर्ग** | ६,००० | ६,००० | ६,००० | ३,००० | |
| | **“ख” वर्ग** | ५,००० | ५,००० | ५,००० | २,५०० | |
| | **“ग” वर्ग** | ४,००० | ४,००० | ४,००० | २,००० | |
| | **“घ” वर्ग** | ३,००० | ३,००० | ३,००० | १,५०० | |
| २ | काष्ठ उद्योग | ५,००० | ५,००० | ५,००० | २,५०० | |
| ३ | स (saw) मिल सहितको काष्ठ उद्योग | ८,००० | ५,००० | ८,००० | ४,००० | |
| ४ | फर्निचर उद्योग बेन्सो सहित | ५,००० | ३,००० | ५,००० | २,५०० | |
| | फर्निचर उद्योग बेन्सो रहित | - | २,००० | | २,००० | |
| ५ | विभिन्न प्रकारका मदिराको थोक तथा | ५,००० | ३,००० | ५,००० | २,५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | होलसेल विक्रेता | | | | | |
| ६ | ईटा, टायल, मार्वल लगायतको थोक तथा होलसेल विक्रेता | ५,००० | ३,००० | ५,००० | २,५०० | |
| ७ | पेट्रोल पम्प | १०,००० | १०,००० | १०,००० | ५,००० | |
| ८ | मट्टितेल डिलर (प्रति डिस्पेन्सर मेशिन रु. १,५००।- ले थप)<br>: दर्ता शुल्क रु. ३,०००।- | ३,००० | २,००० | ३,००० | १,५०० | |
| ९ | डिपार्टमेण्ट स्टोर | ५,००० | ५,००० | ५,००० | २,५०० | |
| १० | **ग्रावेल सप्लार्यस दर्ता / नविकरण**<br>**"क" वर्ग** | ५,००० | | ५,००० | २,५०० | |
| | **"ख " वर्ग** | ३,००० | | ३,००० | १,५०० | |
| | **"ग" वर्ग** | २,००० | | २,००० | १००० | |
| ११ | **गारमेन्ट उद्योग दर्ता / नविकरण** | ५,००० | | ५,००० | २,५०० | |
| १२ | **रिङ्ग / पिल्लर / टायल उद्योग दर्ता / नविकरण**<br>**"क" वर्ग** | ३,००० | | ३,००० | १,५०० | |
| | **"ख" वर्ग** | २,००० | | २,००० | १००० | |
| | **"ग" वर्ग** | १,००० | | १,००० | ५०० | |
| १३ | **अप्टीकल चस्मा घर दर्ता / नविकरण** | ३,००० | | ३,००० | १,५०० | |

**७. वार्षिक नवीकरण तपसिल बमोजिम हुनेछ।**

| | | | | |
|---|---|---|---|---|
| १ | ईटा भट्टा उद्योग | १,१०,०००।- | १,१०,०००।- | |
| २ | धान, मकै मील (सानो) | २,०००।- | २,०००।- | |
| ३ | तेल/सेलर होल्डर | ३,०००।- | ३,०००।- | |
| ४ | बिस्कुट/बेकरी उद्योग | ३,०००।- | ३,०००।- | |
| ५ | टायल उद्योग तथा ब्लक उद्योग दर्ता | | | |
| ६ | टाण्ल उद्योग तथा ब्लक उद्योग | | | |

| | | | | |
|---|---|---|---|---|
| | नविकरण | | | |
| | माथि उल्लेख भए भन्दा बाहेक अन्य व्यापार, व्यवसाय, सेवा तथा उद्योगहरुको नविकरण दस्तुर दर्ता शुल्क रकम नै नविकरण रकम मानि असुल गरिने । | | | |

**बाह्रदशी गाउँपालिका क्षेत्र भित्र लाग्ने दैनिक/साप्ताहिक हाटबजार आ.व.२०८१/०८२ को हाटबजारको दररेट**

## क) हाटबजार दैनिक कर पसल तर्फ

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | सबै किसिमका कपडा पसल | २०।- | |
| २ | स्टील ढलौटका सामान बेच्ने | २०।- | |
| ३ | सैलुन दोकान | १०।- | |
| ४ | किराना पसल | २०।- | |
| ५ | मनिहारी पसल | २०।- | |
| ६ | पुस्तक पसल | २०।- | |
| ७ | सागसब्जी पसल ठुला | २०।- | |
| ८ | सागजब्जी पसल साना | १०।- | |
| ९ | पापड, कचौडी बेच्ने | १०।- | |
| १० | चिया, पान, नून, माटो को भाडा भाडा बेच्ने | १५।- | |
| ११ | काटाँ राखी धान, पाटा खरिद गर्ने | २०।- | |
| १२ | मिठाई पसल ठुलो | २०।- | |

| | | | |
|---|---|---|---|
| १३ | मिठाई पसल सानो | १०।- | |
| १४ | सर्वत आईसक्रिम पसल | १०।- | |
| १५ | सुँगुर काटी मासु बेच्ने प्रति पसल | १००।- | |
| १६ | खसी काटी मासु बेच्ने प्रति पसल | १००।- | |
| १७ | राँगा काटी मासु बेच्ने प्रति पसल | १००।- | |
| १८ | माछा पसल | २०।- | |
| १९ | हात हेर्ने ज्योतिषी | ५०।- | |
| २० | खेल तमासा देखाउनेलाई | १००।- | |

उपरोक्त पसल बाहेक अन्य पसलको हकमा पसल हेरी रु.१०।- देखी रु. ५०।- सम्म कर असुल गर्न सकिनेछ । **ख )पशु बजार तर्फ**

| **क्र.सं.** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | पशु चौपाया<br>क) प्रति चौपाया बिक्री मुल्यको सय कडा<br>ख) बाखा बिक्री मुल्यको सय कडा | <br>३ प्रतिशत<br>२ प्रतिशत | |

## अनुसूची- १३
## (दफा १४ सँग सम्बन्धित)
## पर्यटन शुल्क

बाह्रदशी गाउँपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट प्रदेश आर्थिक विधेयक २०७७ को अनुसूची -४ मा उल्लेख भएको हकमा सोहि बमोजिम हुने तथा यस गाउँपालिका भित्र रहेको उद्यान, पार्क, संग्रहालय तथा नेपाल सरकारले प्रवेश अनुमति दिएका प्राचिन स्मारक र पुरातात्विक सम्पदा लगायत अन्य पर्यटकीय स्थल प्रवेश गरे वापत देहायको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

| सि.नं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | हाल यस गाउँपालिकाभित्र यस्तो व्यवस्था नभएता पनि पछि बाह्रदशी गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ । | | |

## अनुसूची १४
## (दफा १५ सँग सम्बन्धित)
## बिक्री तथा निकासी शुल्क

बाह्रदशी गाउँपालिका क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र बाहिर निकासी हुने ढुंगा,गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासी र स्थानीय विभिन्न चौपायामा अनुसूची -१५ मा उल्लेख भए अनुसार दरमा बिक्री तथा निकासी शुल्क  लगाइनेछ ।

**क) स्थानीय ढुंगा गिटी वालुवा, माटो अन्य स्थानीय तहमा निकासी वापत शुल्क**

स्थानीय ढुंगा गिटी वालुवा, माटो अन्य स्थानीय तहमा निकासी वापत शुल्क प्रदेशको दररेट बमोजिम हुनेछ ।

**ख) स्थानीय उत्पादन र पशु जन्य वस्तु वाह्य निकासी शुल्क**

| क्र.सं. | विवरण | रकम रु. आ.व. २०८०।०८१ | रकम रु. आ.व. २०८१।०८२ | कैफियत |
|---|---|---|---|---|
| १. | पाटा (जुट) प्रति मन | ५०।- | ५०।- | |
| २. | पशु, चौपाया (गाई, गोरु, राँगा, भैसी, पाडा, पाडी, बहर) | ५०।- | ५०।- | |
| ३. | खसी र बाखा प्रति गोटा | १०।- | १०।- | |
| ४. | हाँस,कुखुरा र परेवा प्रति गोटा | ५।- | ५।- | |
| ५. | नरम काठ बास प्रति ट्रयाटर | ५००।- | ५००।- | |
| ६. | नरम काठ, बाँस प्रति ट्याक्टर | १,०००।- | १,०००।- | |
| ७. | कडा काठ बास प्रति ट्याक्टर | १,५००।- | १,५००।- | |
| ८. | कडा काठ बास प्रति ट्रक | ३,०००।- | ३,०००।- | |
| ९. | दाउरा प्रति ट्रयाक्टरको | ३००।- | ३००।- | |
| १०. | दाउरा प्रति ट्रकको | ५००।- | ५००।- | |

**ग) सामुदायिक वनबाट आय प्राप्त गर्ने :-** वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दस प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

## अनुसूची १५
## (दफा १६ सँग सम्बन्धित)
## कर छुट

१.यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर छुट दिइने छैन ।

## अनुसूची १६
## (दफा १८ सँग सम्बन्धित)
## दण्ड र जरिवाना

| सि.न. | विवरण | आ.व. २०८१/८२ को प्रस्तावित | कैफियत |
|---|---|---|---|
| १. | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना | २००।० | अन्यत्रबाट बसाई सरी आएका र बसाई सर्नुपूर्व अन्यत्र बाटै व्यक्तिगत घटना दर्ता गर्नु पर्नेमा सो नगरी बसाई सरे पछि यस गाउँपालिकामा दर्ता हुने व्यक्तिगत घटना दर्ताको हकमा थप रु ५०।० |
| २. | गाउँपालिकालले तोकेको निशेधित क्षेत्र तथा छिमेकिलाई असर पर्ने गरी घर छेउ, चोक लगायतका क्षेत्रमा फोहोर फाल्नेका हकमा | १,०००।० | फोहोर उठाउन लागेको रकम समेत थप लिने |
| ३ | क) जथाभावि चौपाय छोड्नेका हकमा प्रतिदिन प्रति चौपाय | | १५ दिन सम्म पनि चौपाया लिन चौपाय धनी नआएमा गाउँपालिकाले लिलाम गर्नेछ |
| | ख) खसि, बाखा, भेडा च्यांग्रा आदी | १००।० | पाठापाठिको हकमा खुराकी खर्च प्रति दिन रु ७५।० |
| | ग) गाई, गोरु, रांगा, भैसी, घोडा, सुंगुर बंगुर घरपालुवा कुकुर, लगायत | २००।० | खुराकी खर्च थप रु १००।० प्रतिदीन । बाछा बाछि र पाडापाडिको हकमा सो को ५० % थप |
| | घ) माथि उल्लेखित बाहेकका चौपायाको हकमा | १००।० देखि २००।० सम्म | खुराकी रु १००।० प्रतिदिन |

| | | | |
|---|---|---|---|
| ४ | **<u>मालपोत वक्यौता</u>** | | |
| | क) १ बर्ष सम्मको वक्यौताका लागि | ५ % | |
| | ख) २ बर्ष सम्मको वक्यौताका लागि | १० % | |
| | ग) ३ बर्ष भन्दा बढि वक्यौताका लागि | १० % | थप्दै लाने । |
| ५ | **सम्पती/भुमितथा मालपोत कर वक्यौता** | | |
| | क) १ बर्ष सम्मको वक्यौताका लागि | १० % | |
| | ख) २ बर्ष सम्मको वक्यौताका लागि | १५ % | |
| | ग) ३ बर्ष वा सो भन्दा बढि वक्यौताका लागि | २५ % | |
| ६ | **<u>झुठ्ठा विवरण पेश गर्नेका लागि</u>** | | |
| | क) सम्पतिको विवरण | मुल्याङ्कनको थप ०.१% | |
| | ख) उद्योग, ब्यापार तथा ब्यवशायको विवरण | मुल्याङ्कनको थप ०.१ % | |
| | ग) गाउँपालिकाले मागेका अन्य विवरण | ५००।० | |
| ७ | अर्कालाई अफठ्यारो पार्ने नियतले रुख, पर्खाल लगाउने, घर टहरा निर्माण गर्ने | १,०००।० देखि ५,०००।० सम्म | गाउँपालिकाले हटाउंदाको खर्च समेत थप गरि लिने |
| ८ | **<u>सबै प्रकारका पसल तथा व्यवशाय खोली गाउँपालिकामा दर्ता नगरी अनुमति बेगर सञ्चालन गरिरहेको (प्रथम वर्षका लागि)</u>** | | |
| | क) १ वर्ष सम्म नआएकोलाई आधार दरमा थप | १० % | |
| | ख) २ वर्ष सम्म नआएकोलाई आधार दरमा थप | २० % | |
| | ग) २ वर्ष भन्दा माथि नआएकोलाई आधार दरमा थप | ५० % | यस पछि प्रति बर्ष दोब्बर हुँदै जाने |
| ९ | सार्वजनिक बाटो लागायत सांधसधियारीलाई बाधा अवरोध पुग्ने गरी ढल, नाला, चर्पी, सेफ्टि टैंकि बनाउनेलाई | २,०००।० | १.गाउँपालिकाले हटाउंदाको खर्च समेत थप गरि लिने<br>२. बाटोमा १२ र १३ मा |

| | | | |
|---|---|---|---|
| १० | इजाजत बेगर सार्वजनीक स्थान, बाटो, घोडेटो, गोरेटो घेर्ने, गाई बस्तु बांध्ने, माटो, गिटी बालुवा तथा ढुंगा लगायतका सामान राखि आफ्नो प्रयोगमा ल्याउनेलाई | १,५००।० | भएको घट्नाका आधारमा हुने सम्भावित हानि नोक्सानीको जिम्मेवारी समेत सम्बन्धित व्यक्ति बाटै असुल उपर गर्ने |
| ११ | विना अनुमति सार्वजनिक सम्पतिको हानि नोक्सानी, अतिक्रमण वा अपचलन गर्ने, | २,५००।० | त्यस सम्पतिलाई दुरुस्त पार्न लाग्ने खर्च समेत थप |
| १२ | विना अनुमति सार्वजनिक जग्गामा वा त्यस्तो जग्गा मिचि घर, टहरा आदी निर्माण गर्ने | ५,०००।० | घर टहरा भत्काउदा र हटाउँदा लागेको खर्च समेत असुल गर्ने |
| १३ | कुनै किसिमका यन्त्र उपकरण जोडि वा कुनै उपकरण वा मनोरञ्जनका साधनद्वारा छर छिमेक वा समाजमा शान्ति भङ्ग हुने कृयाकलाप गर्नेलाई | १,१००।० | हटाउन लाग्ने खर्च समेत असुल गर्ने |
| १४ | पशलहरूमा मूल्य सूची नराख्नेलाई | १५१।० देखि ५,१००।० सम्म | व्यवशायको प्रकृति हेरी अनुगमन टोलिको सिफारीसमा कार्यपालिकाले निर्णय गर्ने |
| १५ | आफ्नो नाममा रहेको खेति योग्य जग्गा जमिन बांझो राख्नेलाई | मालपोत रकमको २५ प्रतिशत | |
| १६ | **निशेधित क्षेत्र बाट ढंगा, गिटि, बालुवा, माटो लगायतका चिज बस्तु निकालेमा** | | |
| | क) प्रति ट्याक्टर | ६,०००।० | १. एक पटक भन्दा बढी पटक को हकमा प्रति पटक दोब्बर हुँदै जानेछ |
| | ख) प्रति टिपर | १८,०००।० | |
| | ग)नदी जन्य सामाग्रीको हकमा नम्बरी जग्गाबाट समेत निकाल्न पाईने छैन यदि निकालेको हकमा सम्बन्धित जग्गा धनीलाई एकमुष्ठ | १०,०००।० | प्रति पटक दोब्बर हुँदै जानेछ । |
| १७ | **बहाल विटौरी कर महिनामा भूक्तान भएको ३ दिनभित्रमा दाखिला गर्नुपर्नेछ । सो नगरेमा,** | | |
| | क) पहिलो म्याद पश्चात थप | ५% | |
| | ख) दोश्रो महिना थप | १०% | |

| | | | |
|---|---|---|---|
| | ग) तेश्रो महिना थप | १५% | |
| | घ) अन्य तोकिएको कर शुल्क समयमै दाखिला नगरेमा वार्षिक १५% थप लाग्नेछ । | | |